**सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम**
**राजस्व अनुसन्धान विभागसंग सम्वन्धित सार्वजनिक विवरण**

**नेपाल सरकार**
**अर्थ मत्रालय**
**राजस्व अनुसन्धान विभाग**
**हरिहरभवन, ललितपुर**
**२०७४, वैशाख--असार**

टेलिफोनः ५५२७८८५ महानिर्देशक, ५५५१८०२ उप-महानिर्देशक, कन्ट्रोल रुमः ५०१००८५,
एक्सचेन्जः ५०१०१०६, ५०१००५७, फ्याक्सः ५५४२०२३, टोल फ्री नम्बरः १६६०-०१-५५०००
इमेलः info@dri.gov.np, वेभसाइटः www.dri.gov.np

## १. राजस्व अनुसन्धान विभागको स्वरुप र प्रकृति:


राजस्व चुहावटलाई रोकथाम र नियन्त्रण गर्न अर्थ मन्त्रालय मातहत विक्रम संवत् २०३४ सालमा राजस्व अनुसन्धान महाशाखा गठन भएको थियो । आर्थिक क्रियाकलापमा भएको बढोत्तरीसँगसँगै राजस्व संकलनको दायरा फराकिलो हुँदै जाँदा राजस्व छली तथा चुहावटको क्षेत्र बढ्दै गएको, चुहावटको प्रकृति र प्रवृति नयाँ ढङ्गबाट विस्तारित र रुपान्तरित हुँदै गएको सन्दर्भलाई महसुस गरी राजस्व चुहावट नियन्त्रण कार्यमा थप प्रभावकारिता ल्याउने उद्देश्यले एउटा छुट्टै विभागको आवश्यकता महसुस भई विक्रम संवत् २०५० सालमा राजस्व अनुसन्धान विभागको स्थापना भएको हो ।

### उद्देश्य

प्रचलित नेपाल कानुनले आफूलाई प्रदान गरेको अधिकार र कर्तव्यको पूर्ण पालना प्रचलित नेपाल कानुनले प्रदान गरेको अधिकार र कर्तव्यको पूर्णपालना गरी प्रभावकारी आर्थिक सूचना प्रणालीको विकास गर्दै पारदर्शी एवं स्वच्छ अर्थतन्त्रको निर्माणका अतिरिक्त उत्तरदायी, पारदर्शी एवं व्यावसायिक राजस्व प्रशासनको संस्थागत विकासमार्फत राजस्व चुहावट र आर्थिक अपराध नियन्त्रणका लागि निम्नानुसारका उद्देश्य प्राप्तिमा राजस्व अनुसन्धान विभाग केन्द्रित रहेको छः-

- द्रुततर आर्थिक विकासका लागि अधिकतम राजस्व संकलनको आधार तयार गर्न समग्र कर कानुनहरुको परिपालना गराउने ।
- क्षेत्रगत सूचना संकलन, विश्लेषण तथा अनुसन्धानका माध्यमबाट राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्ने ।
- स्वच्छ र पारदर्शी अर्थतन्त्र निर्माणको लागि योगदान पुर्‍याउने ।
- राजस्व चुहावट र आर्थिक अपराध सम्वद्ध अनुसन्धान कार्यलाई गति प्रदान गरी राजस्व नीति तथा कानुनको तादाम्यताको स्तर अभिवृद्धि गर्ने ।
- विदेशी विनिमयको अवैध ओसारपसार तथा अपचलनको अनुसन्धान तथा प्रभावकारी नियन्त्रण गर्ने ।
- स्वच्छ, स्वःस्फूर्त र अवरोधरहित व्यावसायिक क्रियाकलापको प्रवर्द्धन मार्फत लगानीमैत्री वातावरण निर्माण गर्ने ।

## संगठन संरचना:


महानिर्देशक
रा.प.प्र.- १
ना.सु.-१
विशेषज्ञ समूह
नियन्त्रण कक्ष
(Control Room)
उप-महानिर्देशक
रा.प.प्र.- १
ना.सु.-१
राजस्व प्रहरी नायव उपरीक्षकको कमाण्डमा ७५ जना
काठमाडौं उपत्यका क्षेत्रीय
(रा.प.द्वितीय,उ.स., राजस्व -१)
थानकोट चेकपोष्ट
शा.अ. (रा.) - २
ना.सु. (रा.) - ४
धुलिखेल चेकपोष्ट
शा.अ. (रा.) - १
राजस्व चुहावट शाखा
(रा.प.द्वितीय,उ.स.- १)
सूचना, केन्द्रीय परिचालन तथा अनुगमन शाखा
(रा.प.द्वितीय,उ.स.- १)
अनुसन्धान शाखा १, २, ३
(रा.प.द्वितीय,उ.स.- ३)
सामान्य प्रशासन शाखा
रा.प.द्वितीय,उ.स.,
(सा. प्र. - १ )
कर
शा.अ. (राजस्व) - १
क.अ. (रा.प.त.) - १
ना.सु. (राजस्व) - ४
गैरकर
शा.अ. (राजस्व) - १
ना.सु. (राजस्व) - २
परिचालन तथा अनुगमन
शा.अ. (रा.प.तृ.) - १
ना. सु. (रा.प.अनं.प्र.)- २
सूचना तथा सूराकी व्यवस्थापन
शा.अ. (रा.प.तृ.) - १
क.अ. (रा.प. तृ.) - १
ना. सु. - २
सूचना प्रविधि
(DRI-CIS)
(रा.प.तृ., कम्प्युटर इन्जिनियर) - १
कर्मचारी प्रशासन तथा प्रवर्द्धन
शा.अ. (सा.) - ३
ना.सु. (सा.) - ४
ह.स.चा. - ७
का.स. - १५
कानूनी परामर्श
(रा.प.तृतीय) स.व.- १
ना.सु. (स.व.) - १
अनुसन्धान शाखा १
शा.अ. (रा.) - १
क.अ. (रा.प.तृ.) - १
ना. सु. (राजस्व) - १
अनुसन्धान शाखा २
शा.अ. (रा.) - १
क.अ. (रा.प.तृ.) - १
ना. सु. (राजस्व) - १
अनुसन्धान शाखा ३
शा.अ. (रा.) - १
क.अ. (रा.प.तृ.) - १
ना. सु. (राजस्व) - १
आर्थिक प्रशासन
रा.प.द्वितीय - १,
ले.अ. - १
ले.पा. - १

## २. विभागको काम, कर्तव्य र अधिकार

मूलरुपमा राजस्व अनुसन्धान विभागले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र नियमावली, २०७० ले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही आफ्ना क्रियाकलापहरू सञ्चालन गर्ने गरेको छ । यसका अतिरिक्त मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३, अन्तःशुल्क ऐन, २०५८ तथा नियमावली, २०५९, भन्सार ऐन, २०६४, तथा नियमावली, २०६४ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा नियमावली, २०२० अनुसारका कार्यहरु समेत प्रत्यायोजित अधिकार क्षेत्रभित्र रही यस विभागबाट सम्पादन हुँदै आएको छ । राजस्व अनुसन्धान विभागले प्राप्त कानुनी क्षेत्राधिकारअन्तर्गत रही राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन नियन्त्रणको सिलसिलामा निम्नानुसारका मुख्य–मुख्य कार्यहरू सम्पादन गर्दै आएको छः–

- कुनै व्यक्ति वा निकायले राजस्व चुहावट गरेको भन्ने मनासिव माफिकको आधार भएमा वा शंका लागेमा उक्त व्यक्ति वा निकायको घर, गोदाम, उद्योग, कारखाना, कारोबारस्थल, सवारी साधन आदिमा खानतलासी गर्ने, आरोपित व्यक्तिलाई नियन्त्रणमा लिने, मालसामान वा कागजात कब्जामा लिने, सिलबन्दी गर्ने, रोक्का गर्नेलगायत अन्य आवश्यक कार्यहरू गरी अनुसन्धान गर्ने ।
- कुनै व्यक्ति वा निकायले राजस्व चुहावट गरेको वा मतियार बनेको पाइएमा विस्तृत अनुसन्धान प्रतिवेदन तयार गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार जिल्ला अदालतमा मुद्दा दायर गर्ने ।
- राजस्व चुहावट भएको सूचना प्राप्त भई प्रारम्भिक अनुसन्धानबाट राजस्व चुहावट भएको हुन सक्ने पाइएमा विस्तृत अनुसन्धान गरी नियमानुसार कर निर्धारण र असुल गर्न सम्बन्धित निकायमा लेखी पठाउने ।
- निकासी÷पैठारी तथा आन्तरिक ओसारपसारको क्रममा हुने राजस्व चुहावट नियन्त्रणको लागि संभावित जोखिम क्षेत्रहरूमा द्रुत गस्ती, नियमित गस्ती तथा आकस्मिक गस्ती परिचालन गर्ने
- राजस्व चुहावट नियन्त्रणको लागि सुराकी परिचालन गर्ने ।
- व्यापारिक सामानहरूको ओसारपसारमा प्रयोग भएका बिल, विजक, चलान तथा प्रज्ञापनपत्रहरू प्राप्त गर्ने, चेकजाँच गर्ने र कम्प्युटर प्रविष्टी गर्ने ।
- कर तथा गैरकर राजस्व चुहावट र छली नियन्त्रणको लागि चुहावटका नविनतम प्रवृत्तिसहित जोखिममा आधारित (Risk Based) सूचना संकलन तथा विश्लेषण गरी सूचना भण्डार (Data Bank/Inventory) निर्माण गर्ने ।
- राजस्व संकलन गर्ने व्यक्ति तथा निकायहरूले अपनाउने प्रक्रियामा भएको कमी कमजोरीबाट राजस्व चुहावट भएको पाइएमा त्यस्तो प्रक्रियामा सुधार गर्न सम्बन्धित निकायमा लेखी पठाउने ।
- भन्सार कार्यालयबाट जाँचपास भई आएका सामानहरू जोखिमको आधारमा छड्के चेकजाँच गरी नियम अनुसार भन्सार महसुल लगायत अन्य राजस्व असुल भए नभएको परिक्षण गरी कम असुल भएको वा असुलै नभएको पाइएमा कानुनबमोजिम कारबाही गर्ने ।
- राजस्व चुहावट कार्यमा कर्मचारीसमेतको मिलोमतो भएको पाइएमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने ।
- विदेशी विनिमयको अवैध संकलन, संचय, ओसारपसार, अपचलन तथा अवैध कारोबार उपर निगरानी गर्ने र अनुसन्धानबाट दोषी पाइएमा कानुन बमोजिम कारबाही गर्ने ।

- चोरी निकासी/पैठारी गरी ल्याएका सामान कब्जामा लिने । जफत गरिएका ढुवानी साधन, सवारी साधन वा अन्य मालसामानहरूको लिलाम बिक्री गर्ने ।
- राजस्व चुहावट हुन सक्ने क्षेत्रहरूको पहिचान गरी सोबारेमा सजगता अपनाउन राजस्व असुल गर्ने सम्बन्धित निकायहरूलाई ध्यानाकर्षण गराउने ।
- भन्सार विभाग र आन्तरिक राजस्व विभागबाट जारी भएको कार्यविधि तथा परिपत्रअनुरुप काम कारबाही भए गरेको नपाइएमा त्यसतर्फ सम्बन्धित विभागको ध्यानाकर्षण गराउने ।
- राजस्व चुहावट नियन्त्रणको क्रममा अन्य निकायबाट प्राप्त सूचनाको परिक्षण गरी कार्यान्वयन गर्ने तथा सुरक्षा निकायहरूबाट पक्राउ गरी पेश भएका व्यक्ति तथा मालसामानहरूको सम्बन्धमा अनुसन्धान तथा आवश्यक कारबाही गर्ने ।
- राजस्व चुहावट नियन्त्रणको लागि सूचना प्रवाह गर्ने, सरोकारवाला निकायहरूसँग बैठक, सूचना आदान प्रदान, समन्वय र आवश्यकताअनुसार संयुक्त सहभागितासहित कार्य गर्ने ।
- संस्थागत सुदृढीकरण, क्षमता विकास तथा प्रभावकारिता अभिवृद्धि गर्दै नीतिगत तथा प्रणालीगत सुधारको लागि पहल गर्ने ।
- राजस्व चुहावट नियन्त्रण गर्न कुनै ऐन, नियम तर्जुमा वा संशोधन गर्नुपर्ने भएमा नेपाल सरकारलाई आवश्यक राय सुझाव दिने ।

**३. विभागको कर्मचारी संख्या**

| सि.नं. | पद | श्रेणी/सेवा/समूह | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | महानिर्देशक | रा.प.प्र. (सा. प्र.) | १ | |
| २. | उप-महानिर्देशक | रा.प.प्र. (सा. प्र.) | १ | |
| ३. | निर्देशक | रा.प.द्वि. (राजस्व) | ६ | |
| ४. | निर्देशक | रा.प.द्वि. (सा. प्र.) | १ | |
| ५. | निर्देशक | रा.प.द्वि. (लेखा) | १ | |
| ६ | शाखा अधिकृत | रा.प.तृ. (राजस्व) | १० | |
| ७. | शाखा अधिकृत | रा.प.तृ. (प्रशासन) | ३ | |
| ८. | जिल्ला न्यायाधिवक्ता | रा.प.तृ.(सरकारी वकिल) | १ | |
| ९. | लेखा अधिकृत | रा.प.तृ. (लेखा) | १ | |
| १०. | कम्प्युटर इन्जिनियर | रा.प.तृ. (विविध) | १ | |
| ११. | ना.सु. | रा.प.अनं.प्र. (राजस्व) | २५ | |

| | | | | |
|---|---|---|---|---|
| १२. | ना.सु. | रा.प.अनं.प्र. (सा. प्र.) | ४ | |
| १३. | ना.सु. | रा.प.अनं.प्र. (सरकारी वकील) | १ | |
| १४. | कम्प्युटर अधिकृत | रा.प.तृ. (विविध) | ६ | |
| १५. | लेखापाल | रा.प.अनं.प्र. | १ | |
| १६. | टा.ना.सु. | रा.प.अनं. प्रथम | २ | |
| १७. | हलुका सवारी चालक | श्रेणीविहीन | ७ | |
| १८. | कार्यालय सहयोगी | श्रेणीविहीन | १५ | |
| **जम्मा** | | | **८७** | |

## ४. विभागबाट प्रदान गरिने सेवा

| सि.नं | कार्यहरु | सम्बन्धित शाखा | जिम्मेवार पदाधिकारी | आवश्यक कागजात | समय | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | **सुराकी/सूचना संकलन सम्वन्धी कार्य**<br>- उजुरी निवेदन<br>- फोन/फ्याक्स बाट प्राप्त सूचना<br>- अन्य निकायबाट प्राप्त सूचना<br>- अनुसन्धानबाट प्राप्त सूचना<br>- कन्ट्रोलरुमबाट प्राप्त सूचना<br>- अन्य | कन्ट्रोल रुम | महानिर्देशक उप-महानिर्देशक | निवेदन, इमेल, फ्याक्स तथा फोन गरेको पुष्टि हुने प्रमाण | निरन्तर | महानिर्देशक/ उप-महानिर्देशक |
| २. | **गस्ती परिचालन गर्ने**<br>- नियमित/आकस्मिक<br>- राजमार्ग गस्ती<br>- द्रुत गस्ती | अनुसन्धान शाखाहरु | अनुसन्धान शाखाका निर्देशकहरु | प्राप्त सूचनाहरु | आवश्यकतानुसार+ निरन्तर | उप-महानिर्देशक |
| ३. | **बजार अनुगमन**<br>- शंकास्पद कारोवारस्थलको भ्रमण | अनुसन्धान शाखाहरु | निर्देशकहरु | प्राप्त सूचनाहरु | निरन्तर | " |
| ४. | **कर तथा गैर कर राजस्व चुहावट विरुद्ध अनुसन्धान गर्ने**<br>– शंकास्पद क्षेत्रमा छापा मार्ने<br>- राजमार्ग क्षेत्रमा गस्ती परिचालन गर्ने<br>- यात्रु बसमा निगरानी राख्ने<br>- अभियुक्तको वयान गराउने | अनुसन्धान शाखाहरु<br>कानुन शाखा | निर्देशकहरु<br>जिल्ला न्यायाधिवक्ता | आवश्यकतानुसार | निरन्तर | " |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | - धरौटी माग गर्ने<br>- जिल्ला सरकारी वकील कार्यालयको राय माग गर्ने<br>- मुद्दा दायर गर्ने | | | | | |
| ५. | **विदेशी विनिमय नियमन सम्बन्धी कार्य**<br>- अभियुक्तको हकमा वयान गराउने, धरौटी माग गर्ने<br>- जिल्ला सरकारी वकील कार्यालयको राय माग गर्ने<br>- मुद्दा दायर गर्ने | कानुन शाखा | जिल्ला न्यायाधिवक्ता | | प्रचलित कानुन वमोजिम | " |
| ६. | **लिलाम सम्बन्धी कार्य**<br>- प्रत्येक शुक्रवार मुल्याङकन समितिको वैठक राख्ने<br>- लिलाम सम्वन्धी सूचना प्रकाशन गर्ने<br>- सूचना विभागको Web site मा समेत राख्ने<br>- लिलाम सकार्ने व्यक्तिले ७ दिनभित्र सामान नउठाएमा धरौटी जफत गर्ने | प्रशासन शाखा/मुद्दा शाखा | निर्देशक | फर्म भ्थाट तथा अन्त शुल्कमा दर्ता भएको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, प्रतिनिध तोकेको पत्र, फर्म दर्ता तथा नविकरण, बैंक भौचर | नियमानुसार | " |
| ७. | **मुद्दा सम्बन्धी कार्य**<br>- भन्सार चोरी पैठारीको सामान कब्जामा लिने<br>- वयान गराउने, मुद्दा दर्ता गर्ने र फैसला गर्ने। | अनुसन्धान तथा मुद्दा शाखा-१ | निर्देशक | आवश्यक्तानुसार | भन्सार ऐन, २०६४, अन्तःशुल्क ऐन, २०५८ बमोजिम | " |
| ८. | **धरौटी सम्बन्धी कार्य** | लेखा शाखा | लेखा प्रमुख | निवेदन, रसिदको सक्कल प्रति | २ दिन | " |
| ९. | **भ्रष्टाचार विरुद्ध परेका उजुरीहरुको छानविन** | प्रशासन शाखा | निर्देशक | - | प्राप्त भए अनुसार | " |
| १०. | **अन्तरक्रिया कार्यक्रम संचालन** | प्रशासन शाखा | निर्देशक | - | चौमासिक | महानिर्देशक/ उप-महानिर्देशक |
| ११. | **प्रचार/प्रसार तथा जनचेतनामूलक कार्यक्रम संचालन** | प्रशासन + अनुसन्धान शाखा | निर्देशक | - | आवश्यक्तानुसार | " |
| १२. | **सुराकी खर्च तथा सुराकी पुरस्कार सम्वन्धी** | प्रशासन + अनुसन्धान + लेखा शाखा | प्रशासन + लेखा + अनुसन्धान निर्देशकहरु | निवेदन दर्ता भएको हुनु पर्ने इमेल तथा फ्याक्सबाट जानकारी गराएको भए सो पुष्टि हुनुपर्ने | ७ दिन | " |

## ५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|
| १. | अनुसन्धान तथा मुद्दा शाखा-१ | निर्देशक, राम प्रसाद रेग्मी |
| २. | अनुसन्धान शाखा-२ | निर्देशक, तीर्थराज चिलुवाल |
| ३. | अनुसन्धान शाखा-३ | निर्देशक, नारद गौतम |
| ४. | अनुसन्धान शाखा-४ | निर्देशक, खडानन्द गौंतम |
| ५. | अनुसन्धान शाखा-५ | निर्देशक, गोविन्द प्रसाद सुवेदी |
| ६. | अनुसन्धान शाखा-६ | निर्देशक, ध्रुव पोखरेल |
| ७. | प्रशासन शाखा | निर्देशक, देवी प्रसाद थपलिया |
| ८. | आर्थिक प्रशासन शाखा | उपसचिव, मातृका भट्टराई |
| ९. | कानुन शाखा | जि.न्या.व, केदार कुमार अधिकारी |

## ६. सेवा प्रदान गर्दा लाग्ने दस्तुर र अवधि

- यो विभाग राजस्वसंग सम्वन्धित ऐन नियमहरुको पालना भए नभएको सन्दर्भमा अनुगमन गरी पालना नभएको पाइएमा कारवाही गर्ने निकाय (Enforcement Agency) भएकोले यहाँबाट सेवा प्रदान नहुने गरेको।

## ७. निर्णय प्रक्रिया र अधिकारी

अर्थ मन्त्रालयबाट भएको अधिकार प्रत्यायोजन वमोजिम महानिर्देशकज्यू बाट यस विभागको दैनिक कार्य सम्पादन हुने गरेको छ । केही निर्णयहरु महानिर्देशकज्यू बाट भएको अधिकार प्रत्यायोजन वमोजिम उपमहानिर्देकज्यूबाट पनि हुने गरेको छ। साथै, विषयगत एवं नितीगतरुपमा गर्नुपर्ने निर्णयहरुको स्वीकृतिको लागि अर्थ मन्त्रालयमा लेखी पठाइने गरेको छ।

## ८. निर्णयउपर उजुरी सुन्ने अधिकारी

श्री रामकृष्ण सुवेदी, महानिर्देशक, राजस्व अनुसन्धान विभाग

## ९. सम्पादन गरेको कामको विवरण

### क. नियमित कार्यहरु

**उजुरी र सूचना संकलन**

- आर्थिक वर्ष २०७३/०७४ मा यस विभागमा विभिन्न व्यक्ति/संस्था/निकायबाट २८७ उजुरी तथा सूचना प्राप्त भएकोमा २४२ उजुरीउपर प्रारम्भिक कारबाही भई १५१ उजुरीउपर विस्तृत अनुसन्धान समेत सम्पन्न भएको छ । यस वर्ष जिम्मेवारी सरेर कारबाही हुन बाँकी उजुरीहरुको संख्या ४५ रहेको छ ।

**राजस्व चुहावटको प्रारम्भिक अनुसन्धान**

- प्राप्त सूचनाको सत्यता र वित्तीय अनुपात समेतको गहन विश्लेषण गरी प्रारम्भिक अनुसन्धान प्रतिवेदन तयार गर्ने गरिएको छ। यस अवधिमा राजस्व चुहावट भएका सूचनाका आधारमा ५६२ संख्यामा प्रारम्भिक प्रतिवेदन तयार गरिएको छ।

**राजस्व चुहावटको विस्तृत अनुसन्धान**

- प्रारम्भिक अनुसन्धानबाट गम्भीर प्रकृतिको राजस्व छली भएको देखिएका सेवा क्षेत्र (शिक्षण संस्था, स्वास्थ्य संस्था, हाउजिङ्ग व्यवसाय र ट्राभल एजेन्सी, उद्योग एवं अन्य व्यापारिक फर्म/संस्था/निकाय) को विस्तृत अनुसन्धानबाट गत आर्थिक वर्ष २०७२/७३ मा रु. २ अर्ब ३० करोड कर निर्धारण भएकोमा यस आर्थिक वर्ष २०७३/७४ मा रु. १ अर्ब ९६ करोड कर निर्धारण भएको छ।

**अनुसन्धानबाट निर्धारित राजस्वको धरौटी**

- यस विभाग र अन्तर्गत क्षेत्रीय कार्यालयहरुबाट भएका अनुसन्धानबाट गत आर्थिक वर्ष २०७२/७३ मा रु.३३ करोड ८७ लाख राजस्व धरौटी दाखिला भएकोमा यस आर्थिक वर्षमा रु.२२ करोड २८ लाख ८७ हजार राजस्व धरौटी दाखिला भएको छ ।

**मालवाहक ढुवानी साधन चेकजाँचबाट निर्धारित राजस्व**

- विभाग र अन्तर्गत क्षेत्रीय कार्यालयबाट आर्थिक वर्ष २०७२/७३ मा १११७ मालवाहक ढुवानीका साधनहरु चेकजाँच गरी रु .१७ करोड ७० लाख राजस्व असुली गरिएकोमा आर्थिक वर्ष २०७३/७४ मा १५८४ वटा मालवाहक ढुवानीका साधनहरु चेकजाँच गरी रु.१८ करोड ९७ लाख ५९ हजार राजस्व असुली भएको छ । यस वर्ष ढुवानी साधन चेकजाँचबाट असुल भएको राजस्व गत वर्षको तुलनामा १०७ प्रतिशतले बढी हो ।

**चोरी निकासी पैठारीमा पक्राउ परेका सामानहरुको विवरण**

- आर्थिक वर्ष २०७२/७३ मा भन्सार चोरी निकासी पैठारीका सम्बन्धमा अनुसन्धान तथा कारबाही गरी भन्सार ऐनबमोजिम विभाग र अन्तर्गत क्षेत्रीय कार्यालयहरुमा समेत गरी रु.५० करोड ५६ लाख बिगो बराबरका ५४५ वटा मुद्दाको कारबाही भएकोमा यस आर्थिक वर्ष २०७३/७४ मा रु.३० करोड ६६ लाख ४१ हजार प्रतिवेदन बराबरका ६६४ वटा विभिन्न मालवस्तु सहितका मुद्दाहरुको फर्छ्यौट र कारबाही सम्पन्न भयो ।

**भन्सारसम्बन्धी मुद्दा दर्ता र फर्छ्यौटको विवरण**

- चोरी पैठारीको सिलसिलामा विभाग तथा क्षेत्रीय कार्यालयहरुमा दर्ता हुन आएका र अनुसन्धानबाट चोरी पैठारीसम्बन्धी अभियोगमा भन्सार ऐन, २०६४ बमोजिम कारबाही

गरिएका मुद्दाहरुमध्ये आर्थिक वर्ष जिम्मेवारी सरेका १३६ समेत कुल ७६६ मुद्दाहरुमध्ये ६७७ मुद्दा फैसला भई ८९ वटा मुद्दाहरु आगामी वर्षको लागि जिम्मेवारी सरेको छ । विभागमा यस आर्थिक वर्षमा जिम्मेवारी सरेका ४७ समेत कुल १०३ मुद्दाहरु मध्ये ८५ वटा मुद्दा फछ्र्यौट भई १८ वटा मुद्दा आगामी आर्थिक वर्षको लागि जिम्मेवारी सरेको छ । यस आर्थिक वर्षमा समग्र मुद्दा फछ्र्यौट ८८ प्रतिशत रहेको छ।

**विदेशी विनिमय अपचलनसम्बन्धी अनुसन्धान र अभियोजन**

- विदेशी विनिमय अपचलनसम्बन्धी अनुसन्धान र अभियोजनतर्फ आर्थिक वर्ष २०७२/७३ मा रु. १७ करोड ४७ लाख बिगो र जरिवाना बराबरका ५९ वटा मुद्दाहरु सम्बन्धित अदालतमा अभियोजन गरिएकोमा यस आर्थिक वर्षमा रु.३३ करोड २४ लाख १० हजार बिगो र जरिवाना बराबरका ६७ वटा मुद्दाहरु सम्बन्धित अदालतमा अभियोजन गरिएका छन् । गत आर्थिक वर्ष २०७२/७३ बाट विदेशी विनिमय अपचलनका १८४ वटा मुद्दाहरु लगत सरेकोमा यस आर्थिक वर्षमा ६९ मुद्दाहरु दर्ता भई जम्मा मुद्दा संख्या २५३ भएकोमा ६७ थान मुद्दा अदालतमा दायर भई १८६ मुद्दाहरु आगामी वर्षको लागि जिम्मेवारी सरेको छ।

**लिलाम बिक्रीबाट प्राप्त राजस्व**

- भन्सार चोरी निकासी पैठारी अनुसन्धानको सिलसिलामा भन्सार ऐन बमोजिम जफत भएका मालस्तुहरु लिलाम बिक्री गर्ने सन्दर्भमा यस विभाग र अन्तर्गत क्षेत्रीय कार्यालयहरुबाट गत आर्थिक वर्ष २०७२/७३ मा ७३१ वटा लिलाम बिक्री सम्पन्न भई रु. १४ करोड ७१ लाख ८८ हजार राजस्व संकलन भएकोमा यस आर्थिक वर्ष २०७३/७४ मा ६६७ वटा लिलाम बिक्री सम्पन्न भई रु.१० करोड ७६ लाख ३ हजार राजस्व संकलन भएको छ।

**धरौटी आम्दानीको विवरण**

- विभागमा आर्थिक वर्ष २०७२/७३ को जम्मा भएको धरौटी रकममध्ये रु .८७ करोड १२ लाख ९२ हजार आ.व .२०७३/७४ जिम्मेवारी सरेको छ। आ.व .२०७३/७४ मा रु .१४ करोड ५८ लाख ८७ हजार थप भई जम्मा रु .१ अर्ब १ करोड ७१ लाख ७९ हजार रकम धरौटीमा रहेको छ ।

**गोदाम व्यवस्थापन**

- यस विभागको गोदाममा दाखिला भएका मालसामानमध्ये मुद्दाको निर्णय भएका सबै मालसामानहरुको लिलाम बिक्री सम्पन्न गरिएको छ । लिलाम बिक्रीबाट रु.३६ लाख ३७ हजार राजस्व संकलन भएको छ । साथै ,गोदाममा दाखिला भएका केही मालसामानहरुको उपयोग गर्न नमिल्ने र पटक पटक लिलाम बिक्री आह्वान गर्दा पनि लिलाम बिक्री हुन नसकेका मालवस्तुहरु सडाउने, गलाउने वा नष्ट गर्नुपर्ने अवस्थामा पुगेकाले जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र उद्योग वाणिज्य संघका प्रतिनिधिहरु समेतको रोहवरमा नियमानुसार नष्ट गरिएको छ।

## ख. सुधारात्मक कार्यहरु

**राजस्व जोखिमका परिसूचकहरुको परिमार्जन**

- राजस्व परिचालनलाई दिगो, उच्च र फराकिलो बनाई समग्र अर्थतन्त्रमा आन्तरिक राजस्वको योगदानलाई वृद्धि गरी सुदृढ सार्वजनिक वित्त प्रणाली निर्माणको लागि कराधारहरुको वृद्धि सँगसँगै राजस्व चुहावट गर्ने परिपाटीलाई पनि निरुत्साहित गर्नुपर्दछ । पारदर्शी, सक्षम र समन्यायिक करप्रणालीको विकासको लागि विभिन्न समयमा नीतिगत, कानुनी, प्रविधिगत तथा क्षमता अभिवृद्धिसम्बन्धी विभिन्न प्रयासहरु भए । यिनै प्रयासका फलस्वरुप अर्थतन्त्रमा कर प्रशासनतर्फ जनताको विश्वास बढ्दै गएको र राजस्व संकलनको मात्रामा पनि वृद्धि हुँदै गएको छ । यद्यपि यो वृद्धि समग्र अर्थतन्त्रको आकार र कारोबारको प्रकृति, उपयोग, पूँजी निर्माणका हिसाबले सन्तोषजनक मान्न सकिदैंन । राजस्व चुहावटको लागि अनुसन्धान गर्न पर्याप्त मात्रामा सूचना र जानकारीको आवश्यकता पर्दछ । यसको लागि उद्योग, व्यवसाय तथा सेवा क्षेत्रमा कर प्रशासनको ध्यान जान नसकेको र आमरुपमा राजस्व चुहावट हुने क्षेत्र र नवीनतम प्रवृत्तिबारेमा खोज र अनुसन्धान गर्नुपर्दछ । विभागीय अनुसन्धान पद्दतिलाई यथार्थमूलक र नतिजामुखी तुल्याउन चुहावटको जोखिम र प्रवृत्तिलाई क्षेत्रगत रुपमा वर्गिकरण गरी विश्लेषण गर्नुपर्दछ । व्यावसायिक गतिविधिलाई क्षेत्रगत रुपमा वर्गिकरण गरी विभिन्न परिसूचकहरुको आधारमा अनुसन्धान गर्दा समयको बचत हुनुका साथै जोखिम प्राथमिकीकरण गर्न पनि मद्दत पुग्न जान्छ । यसबाट नतिजामुखी र वस्तुनिष्ठ अनुसन्धान हुन गई वैध व्यापार प्रोत्साहित हुने र अवैध व्यापार निरुत्साहित हुन जाने भएकोले विभागले गत वर्ष तयार गरेको जोखिम परिसूचकहरुलाई कार्यानुभव तथा कार्यक्षेत्रमा देखिएका नयाँ प्रवृत्तिहरुलाई समेत समेटी जोखिम परिसूचकहरुको परिमार्जन गर्ने कार्य सम्पन्न गरेको छ ।

**अनुसन्धान निर्देशिका, २०७४ को अन्तिम मस्यौदा**

- विभागबाट सम्पादित हुने अनुसन्धान तथा मुद्दालगायतका विभिन्न कार्यहरुलाई एउटै विधि र मापदण्डमा रहेर कार्यसम्पादन गर्न सहज बनाउने उद्देश्यले अनुसन्धान निर्देशिकाको खाका गत आर्थिक वर्षमा तयार गरिएको भए तापनि त्यसको अन्तिम मस्यौदा तयार गर्ने कार्य यसै आर्थिक वर्षमा सम्पन्न गरिएको छ । यस अनुसन्धान कार्यविधिको पालनाबाट अनुसन्धान तथा अभियोजन कार्यमा एकरुपता र विशिष्टता कायम हुन गई कार्यसम्पादन कार्यमा सहजता हुने अपेक्षा गरिएको छ । अन्तिम मस्यौदा स्वीकृतिको लागि मन्त्रालयमा पठाई सकिएको छ । मन्त्रालयबाट स्वीकृति प्राप्त भएपछि यस अनुसन्धान निर्देशिका, २०७४ विभाग तथा क्षेत्रीय कार्यालयहरुमा लागू गरिने छ ।

**राजस्व अनुसन्धान विभागको सुधारको तीन वर्षे रणनीतिक योजना**

- नेपाल सरकार ,अर्थ मन्त्रालयबाट जारी नीति तथा कार्यक्रम कार्यान्वयन कार्ययोजनामा र बजेट वक्तव्यमा राजस्व चुहावट नियन्त्रणको लागि संस्थागत क्षमता सुदृढीकरण गर्ने भनी नीतिगत व्यवस्था भएको छ । यस विभागका महानिर्देशक र अर्थ मन्त्रालयका सचिव )राजस्व (बीच आर्थिक वर्ष २०७३/७४ मा भएको कार्यसम्पादन सम्झौतामा राजस्व अनुसन्धान विभागको दीर्घकालीन रणनीति र कार्ययोजना तयार गरी स्वीकृत गर्ने उल्लेख

भएकोले विभागको सुधारसम्बन्धी तीन वर्षे रणनीतिक योजना ,२०७४ तयार गरी स्वीकृतिको लागि अर्थ मन्त्रालयमा पठाइएको छ ।

**बहुवर्षीय योजनाको मस्यौदा निर्माण**

- राजस्व अनुसन्धान विभागले यसै आर्थिक वर्षदेखि लागू हुने गरी बहुवर्षीय योजनाको मस्यौदा तयार गरेको छ । बहुवर्षीय योजनामा विभागबाट आगामी वर्षहरुमा सम्पादन गर्ने मुख्य कार्यहरुलाई क्रमवद्ध रुपमा उल्लेख गरिएको छ । यसबाट विभागको नेतृत्वमा रहने पदाधिकारीहरुलाई बजेट निर्माण गर्न र कार्ययोजनाको बारेमा तत्काल जानकारी हुनुका साथै समय सीमाभित्रै कार्यान्वयन र कार्यप्रगति मूल्याङ्कन गर्न सहज हुनेछ ।

**राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०७४ को मस्यौदा तयार)**

- राजस्व अनुसन्धान विभाग र मातहतका क्षेत्रीय कार्यालयहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम तथा प्रत्यायोजित अधिकारअन्तर्गत भन्सार अधिकृत, मूल्य अभिवृद्धि कर अधिकृत, अन्तःशुल्क अधिकृतको रुपमा सम्बन्धित ऐन, नियममा रहेका प्रावधानहरुको प्रयोग गरी राजस्व चुहावटसम्बन्धी कार्यमा अनुसन्धान तथा अभियोजनसम्बन्धी कार्यहरु गर्दै आइरहेकोमा अनुसन्धान विभाग तथा क्षेत्रीय कार्यालयहरुको लागि अनुसन्धान, अभियोजनलगायतका कार्यहरु सम्पादन गर्न एउटै ऐन, नियमअन्तर्गत रही कार्यसम्पादन गर्नुपर्ने र अन्य विभागहरुबाट सम्पादित हुने कार्यहरु प्रत्यायोजित अधिकारअन्तर्गत ल्याई कार्यसम्पादन गर्दा कार्यमा दोहोरोपना तथा क्षेत्रगत विवाद समेत हुन सक्ने महसुस भई नयाँ ऐन नै तर्जुमा गरी लागू गर्नुपर्ने भएकोले छुट्टै ऐन तर्जुमा गर्न अनुमति प्राप्त गरी अन्तिम मस्यौदा तयार गरी थप कारबाहीको लागि अर्थ मन्त्रालयमा पठाइएको छ।

**सूचना व्यवस्थापन एकाइ (Intelligence Unit) गठन**

- विभागमा प्राप्त हुने सम्पूर्ण उजुरी (Online, लिखित, मौखिक, पत्रपत्रिकामा सूचना आदि) हरुलाई एकिकृत गरी एकद्वार पद्दतिबाट अध्ययन तथा विश्लेषण गर्ने र सोको आधारमा अनुसन्धान तहकिकात गर्ने उद्देश्यले विभागमा एक सूचना व्यवस्थापन एकाइ (Intelligence Unit) गठन गर्न अवधारणा पत्र तयार गरी अर्थ मन्त्रालयमा स्वीकृतार्थ पेश गरिएको छ। यस ईकाईको प्रतिवेदनको आधारमा महानिर्देशकले निर्देशकहरुको कार्य क्षमता, अनुभव, कार्य विशिष्टता, कानुनी ज्ञान आदिको आधारमा अनुसन्धान अधिकृत तोक्ने व्यवस्था गरिएको छ।

**Global Positioning System (GPS) अध्ययन प्रतिवेदन**

- आन्तरिक ओसारपसारका मालवस्तु ढुवानीका साधनहरुमा Global Positioning System (GPS) जडानसम्बन्धी विज्ञ समूहबाट अध्ययन गराई सरोकारवालाहरुसँग छलफल समेत गरी अध्ययन प्रतिवेदन, २०७४ तयार पारिएको छ । यस प्रतिवेदनमा उल्लेख गरिएका सुधारका कुराहरु आ.व. २०७४/७५ को कार्ययोजनामा समावेश गरी कार्यान्विनमा ल्याइनेछ ।

**Online उजुरी संकलन र कारबाही**

- यसै आर्थिक वर्ष २०७३/७४ देखि राजस्व अनुसन्धान विभागले सूचनादाताबाट विभागको Web Site मार्फत Online उजुरी गर्न सक्ने व्यवस्था गरिएको छ । विभागको Web site मा प्राप्त हुने सूचनाउपर तत्काले प्रारम्भिक अनुसन्धान गरी उपयुक्त देखिएमा विस्तृत अनुसन्धान गरी सोको लागि छुट्टै अभिलेख राख्ने व्यवस्था मिलाइएको छ ।

**सवारी साधनमा Global Positioning System (GPS) जडान**

- २०७४ जेठ महिनामा राजस्व अनुसन्धान विभागको स्वामित्वमा रहेका ११ वटा चार पाङ्ग्रे सवारी साधनहरुमा GPS Tracking System जडान गरी उक्त सवारी साधनको Location Tracking Report, Mileage Report र Speed Detection गर्न सकिने भएको छ । यो व्यवस्थाको कार्यान्वयनबाट सवारी साधनको अनावश्यक प्रयोगमा नियन्त्रण आउने अपेक्षा गरिएको छ।

**Close Circuit Television (CCTV) क्यामेरा जडान**

- राजस्व अनुसन्धान विभाग र परिसरमा रहेका सवारी साधन र अन्य भौतिक सामग्रीको सुरक्षा गर्न, विभागमा आउने सेवाग्राही र अनुसन्धानको क्रममा विभागमा ल्याइएका मालवाहक ढुवानी साधनहरुको चेकजाँच तथा आवतजावतको अनुगमन गर्न ११ वटा CCTV क्यामेरा जडान गरिएको छ । विभाग परिसरभित्र हुने गतिविधिहरुको महानिर्देशकमार्फत प्रत्यक्ष रुपमा निगरानी गर्ने व्यवस्था मिलाइएको छ ।

**Memorandom of Understanding (MoU) सम्झौता**

- सूचना संकलन, विश्लेषण, वर्गिकरण, पहिचान आदिबिना अनुसन्धान कार्य सफल हुन नसक्ने भएकोले यस विभागले मात्र व्यावसायिक क्षेत्रका सबै गतिविधिहरुको सूचना संजाल तयार गर्न नसक्ने र अर्थ मन्त्रालय तथा अन्तर्गतका अन्य विभिन्न विभागहरुमा आ-आफ्नै प्रकृतिको सूचना प्रविधि र तथ्याङ्क संग्रह (Data Base) प्रणाली स्थापना भई कार्यान्वयनमा आएकोले त्यस्ता सूचना संग्रह तथा प्रणालीमा निर्वाध एवं निरन्तर पहुँच स्थापना हुन सकेमा व्यावसायिक क्षेत्रका विभिन्न गतिविधिहरुलाई एकीकृत गरी अध्ययन अनुसन्धान गर्न सहज हुने र राजस्व चुहावट नियन्त्रणमा थप सफलता प्राप्त हुने भएकोले आन्तरिक राजस्व विभाग र भन्सार विभागसँग सूचनाको आदान प्रदानसम्बन्धी सम्झौताको MoU गर्ने कार्य सम्पन्न भएको छ । यसबाट व्यावसायिक फर्म, आयात निर्यात गर्ने फर्म, उद्योग, सेवा क्षेत्रमा रहेका विभिन्न व्यावसायिक गतिविधिको एकीकृत तथ्याङ्क प्राप्त हुन गई प्रमाणग्राह्य विवरण प्राप्त हुने र त्यसबाट गुणस्तरीय अनुसन्धान हुने अपेक्षा गरिएको छ।

**कार्यसम्पादन सम्झौता**

- विभागले यसै वर्षदेखि लागू हुने गरी प्रत्येक निर्देशक र उप-महानिर्देशकसँग महानिर्देशकले कार्यसम्पादन सम्झौता गर्ने प्रणाली अवलम्बन गरिएको छ । प्रत्येक शाखामा रहने निर्देशकलाई सुधारका कार्ययोजनाको कम्तिमा एउटा कार्य पर्ने गरी अन्य नियमित कार्य अन्तर्गत विभिन्न कार्य विवरण र परिसूचक निर्माण गरी सोही बमोजिम मापन आधार, समय सीमा र औषत भार कायम गरिएको छ । यो व्यवस्था क्षेत्रीय कार्यालय प्रमुखहरुमा समेत लागू गरिएको छ । वार्षिक रुपमा

प्राप्त हुने उपलब्धिको आधारमा निर्देशक, क्षेत्रीय कार्यालयका प्रमुख र उप-महानिर्देशकको मूल्याङ्कन हुने व्यवस्था छ।

**सुराकी खर्च मापदण्ड कार्यविधि, २०७३ को तर्जुमा**

- राजस्व चुहावट एवं विदेशी विनिमय अपचलनसम्बन्धी कसुरको अनुसन्धानको सम्बन्धमा यस्ता प्रकृतिका चुहावटका सूचनाहरु प्राप्त गर्नु नै सबैभन्दा महत्वपूर्ण हुने गर्दछ। विभागले स्थापना कालदेखि नै औपचारिक एवं अनौपचारिक रुपमा सुराकीहरु परिचालन गरी ती सुराकीहरुबाट तथ्ययुक्त सूचना प्राप्त गरी अनुसन्धानलाई बढी नतिजामूलक बनाउँदै आएको छ। सुराकी परिचालन मार्फत राजस्व अनुसन्धान कार्यलाई प्रभावकारी बनाई राजस्व चुहावट नियन्त्रण गरी स्वस्थ अर्थतन्त्र निर्माण गर्नका लागि राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३० (क) ले दिएको अधिकार प्रयोग गरी यस विभागले सुराकी खर्च मापदण्ड कार्यवि, २०७३ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

**विद्युतीय हाजिरी प्रणाली लागू**

- आर्थिक वर्ष २०७३/७४ देखि विभागमा कर्मचारीहरुको हाजिरीको लागि परम्परागत प्रणाली (Manual System) लाई विस्थापित गरी पूर्ण रुपमा विद्युतीय हाजिरी गर्ने व्यवस्था मिलाइएको छ। प्रत्येक कर्मचारीले विहान कार्यालय आउँदा र साँझमा कार्यालय बाहिर जाँदा अनिवार्य रुपले हाजिर जनाई जाने व्यवस्था गरिएको छ। यस प्रणालीको अवलम्बनबाट कर्मचारीहरुले समय पालना गर्ने र विदाको अभिलेख व्यवस्थित हुने अपेक्षा गरिएको छ।

**कम्प्यूटरमा आधारित अभिलेख प्रणाली (DRI Information and Reporting System) को कार्यान्वयन**

- यस विभागबाट अनुसन्धान सम्पन्न भएका तथा अनुसन्धानको क्रममा रहेका फाइलहरुको विवरण अद्यावधिक र सुरक्षित राख्ने उद्देश्यले २०७३ असार महिनाबाट कम्प्यूटरमा आधारित अभिलेख प्रणाली (DRI Information and Reporting System) कार्यान्वयनमा ल्याइएको छ। यस प्रणालीमा आर्थिक वर्ष २०७१/०७२ देखिकै विवरण प्रविष्टि गरिएको छ। यस प्रणालीमा २०७४ असार मसान्तसम्म अनुसन्धान सम्पन्न भएको ४९० वटा फाइलहरु र अनुसन्धानको क्रममा रहेका २२९ वटा फाइलहरुको अभिलेख राखिएको छ। यस प्रणालीबाट फाइलहरुको व्यवस्थापन र अद्यावधिक विवरणसहितको अभिलेख व्यवस्थापनको अतिरिक्त अन्तरशाखा कार्य समन्वय हुनुका साथै व्यवस्थापनलाई विभिन्न शाखामा अनुसन्धानको सिलसिलामा रहेका फाइलहरुको अनुसन्धान स्थितिको बारेमा विघुतीय माध्यमबाट सहजै जानकारी प्रात हुन सक्ने अवस्था सिर्जना भएको छ। आन्तरिक तथा बाह्य सञ्चारको लागि सबै अधिकृत कर्मचारीहरुलाई विभागीय e-mail ID को व्यवस्था गरिएको छ।

**ढुवानी साधन अनुगमन प्रणाली अध्ययन**

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १३ ग मा कानुनबमोजिम दर्ता भएको ढुवानी साधनलाई एक जिल्लाबाट अर्को जिल्लामा मालसामान ओसारपसार गर्नुपूर्व ढुवानी गरिएको मालसामानको विवरण वेभमा आधारित केन्द्रीय सूचना प्रणालीमा प्रविष्टि गरेर मात्र ओसारपसार गर्नुपर्ने व्यवस्था भएबमोजिम मालसामान ढुवानीकर्ताले ढुवानी गर्नुपूर्व सामानका

बिल विजक, प्रज्ञापन, चलान तथा डेबिट क्रेडिट नोटहरु ढुवानीकर्ता स्वयंले इन्टरनेटको माध्यमबाट राजस्व अनुसन्धान विभागको केन्द्रीय सूचना प्रणालीमा प्रविष्टि गरी एक प्रति मुद्रण गरी ढुवानी साधनसाथ राख्ने व्यवस्थाको लागि विभागले ढुवानी साधन अनुगमन प्रणाली सफ्टवेयर निर्माणको कार्यका लागि अध्ययन गरिसकिएको छ।

<u>**क्षेत्रगत आधारमा करदाताको छनौट गरी अनुसन्धान गर्ने परिपाटीको थालनी**</u>

- राजस्व जोखिमका परिसूचकहरु परिमार्जन गरी जोखिमको आधारमा राजस्व चुहावट हुनसक्ने व्यावसायिक क्षेत्र र करदाताहरुको पहिचान गरी राजस्व चुहावटको दृष्टिकोणबाट उच्च जोखिममा रहेका करदाताहरुको सूचना संकलन गरी त्यस्ता करदाताको व्यावसायिक तथा आर्थिक गतिविधिको सुक्ष्म विश्लेषण गरी तथ्यमा आधारित भएर अनुसन्धान गर्ने परिपाटी अवलम्बन गरिएको छ ।

## १०. सुचना अधिकारी र प्रमुखको नाम र पद

विभागीय प्रमुखको नाम: श्री रामकृष्ण सुवेदी, पद: महानिर्देशक

सूचना अधिकारीको नाम: श्री देवी प्रसाद थपलिया, पद: निर्देशक

## ११. ऐन नियम वा निर्देशिकाको सूची

राजस्व अनुसन्धान विभागलाई आफ्नो कार्यसम्पादनका लागि राजस्व प्रशासन सम्वद्ध देहायका कानुनहरू प्रयोग गर्ने अधिकार प्रदान गरिएको छः-

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७०
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
- विदेशी विनिमय (नियमित गर्ने) नियमावली, २०२०
- मूल्य अभिवृद्धि कर ऐन, २०५२
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- भन्सार ऐन, २०६४
- भन्सार नियमावली, २०६४
- अन्तःशुल्क ऐन, २०५८
- अन्तःशुल्क नियमावली, २०५९

## १२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी विवरण

विभागले यस आको पुस महिना सम्ममा.व. कूल रु .१ अर्व ९९ करोड ६३ लाख ९३ हजार राजस्व संकलन गरेको र सोही अवधिमा मा चालु खर्च रु. ३ करोड १३ लाख ७८ हजार र पूजिंगत खर्च रु. ८ करोड ५ लाख ६५ हजार गरी जम्मा रु. ११ करोड १९ लाख ४३ हजार खर्च भएको छ।

## १३. अघिल्लो आ.व.मा संचालन भएको कार्यक्रमको विवरण

कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रमअन्तर्गत मित्रराष्ट्र इण्डोनेसीया र श्रीलंका एंव मालदिप्सको अध्ययन भ्रमण कार्यक्रम सम्पन्न भएको ।

**१४. विभागको वेभसाइटको विवरण**

Website Address: www.dri.gov.np Email Address: info@dri.gov.np

**१५. सार्वजनिक निकायले प्रप्त गरेको वैदेशिक सहायता, ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण**

विभागबाट कुनै वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग लिने सम्वन्धमा कुनै सम्झौता नभएको।

**१६. विभागले संचालन गरेको कार्यक्रम र सोको प्रतिवेदन**

कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत मित्रराष्ट्र इण्डोनेसीया र श्रीलंका एंव मालदिप्सको अध्ययन भ्रमण कार्यक्रम सम्पन्न भएको ।

**१७. विभागले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी**

विभागबाट हालसम्म सूचना वर्गीकरणको काम हुन नसकेको ।

**१८. विभागमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिएको विषय**

प्रहरीबाट पक्राउ भई यस विभागमा दाखिला हुन आएका सून/चाँदीको विवरण, विदेशी मुद्राको विवरण र विभागले असूलउपर गरेको कर सम्वन्धी विवरण एंव पक्राउ परेका प्रमुख मालवस्तुको विवरण सम्वन्धी सूचना माग हुने गरेको र उक्त सूचनाहरु समयमै उपलव्ध गराउने गरिएको ।

**१९. विभागका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

विभागका गतिविधि तथा सूचनाहरु राष्ट्रियस्तरको दैनिक पत्रिकाहरुमा प्रकाशित गर्नुका साथै विभागको वेबसाइट www.dri.gov.np मा राख्ने गरिएको छ। साथै, सामाजिक संजाल (www.facebook.com/drinepal) र (www.twiter.com/drinepal) मा Share गर्ने गरिएको छ।

**२०. तोकिए बमोजिमका अन्य विवरण**

विभागले राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न गस्ती परिचालन गर्ने, संकास्पद कारोवार स्थलमा छापा मार्ने, मालसामान कब्जामा लिने, जफत गर्ने, दण्डित गर्ने, लिलाम बिक्री गर्ने कार्यको अतिरिक्त प्रचारप्रसार, गोष्ठी, सेमिनार, अन्तरक्रिया, जागरण अभियान, संस्थागत सुदृढीकरण, कार्यप्रणाली र कार्यविधिमा सुधार जस्ता प्रवर्द्धनात्मक उपाय (Promotional Measures) अवलम्वन गर्दै आएको छ ।